

माननीय उप-प्रधानमन्त्रीज्यू एवं स्वास्थ्यमन्त्रीज्यू तथा श्रीमान् सचिवज्यू -HEOC मा भिडीयो कन्फेरेन्स (VC)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय




माननीय राज्यमन्त्रीज्यू Pre-hospital नेशनल कन्फेरेन्स समारोह उद्घाटन गर्दै

## स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई (HEDMU)/

# स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (HEOC)


Phone: ☎01-4250845 Toll Free: 16600133444 Fax: 01-4250842

Web: heoc.mohp.gov.np E-mail: heocmohp@gmail.com fb.com/HEOCMoHP

### स्वास्थ्य आपतकालीन तथा विपद सम्बन्धी स्थिति:-

| सि.नं. | मुख्य विपदहरु | मृत्यु | घाइते | हराएको |
|---|---|---|---|---|
| १ | २०७२ सालको भूकम्प *(बैशाख १२ गते)* | ८९७० | २२३०२ | १९५ |
| २ | २०७४ सालको बाढी/पहिरो *(श्रावण २८)* | १६१ | ४६ | २९ |
| ३ | २०७४ सालको US-Bangla विमान दुर्घटना *(२८ फाल्गुन)* | ५१ | २० | - |
| ४ | २०७५ भाद्रको काभ्रे पाँचखाल विषाक्त खाना सेवन *(भाद्र २२)* | - | ४८९ | - |
| ५ | २०७५ सालको ससरी जिल्लामा फैलिएको ILI | ४ | ४६५८ | - |
| ६ | सडक दुर्घटना (२०७४/२०७५) | ४००२ | १४४१६ | - |
| ७ | बारा पर्सा हावाहुरी (चक्रपात) २०७५ | २९ | १११३ | - |

**सर्बप्रथम विनासकारी भूकम्प लगायत सबै घटनामा मृत्यु हुनुहुने सबै प्रती हार्दिक श्रद्धान्जली तथा घाइतेहरुको शीघ्र एवं पूर्ण स्वास्थ्य लाभको कामना !!!**




### भूकम्पले क्षेतिग्रस्त स्वास्थ्य संस्था पुननिर्माणको विवरण:-

| # | विवरण | पुननिर्माण गर्नुपर्ने | पुननिर्माण सम्पन्न | | पुननिर्माण भैरहेको | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | % | संख्या | % |
| १ | स्वास्थ्य संस्थाहरु | ११९७ | ६४३ | ५४ | १४५ | १२ |
| २ | पूर्ण क्षति (Completely Damaged) | ५४४ | ३१२ | ५८ | ५१ | ९ |
| ३ | आम्सिक क्षति (Partially Damaged) | ६५३ | ३३१ | ५१ | ९४ | १४ |





*२०७६ बैशाख १२ गते*

*HEOC प्राबिधिक समिती*

## स्वास्थ्य आपतकालीन तथा विपद ब्यबस्थापनमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आज २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पले परेको असरको दिनको सम्झनामाः-





HEOC संचालन आधारभूत

- स्वास्थ्य आपतकालीनमा तथा विपदमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समन्यात्मक रुपमा स्वास्थ्य सेवा निरन्तर रुपमा गर्दै आएको छ ।
- स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (HEOC) स्थापना, संचालन-२०७० फाल्गुन देखि
- २०७२ सालको भूकम्प लगायत विभिन्न विपद तथा आपतकालीन अबस्थामा HEOC ले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ ।
- हाल संघमा मन्त्रालयमा स्वास्थ्य आपतकालीन तथा विपद ब्यबस्थापन इकाई (HEDMU) /NHEOC, गण्डकी, कर्णाली तथा सुदुरपस्चिम प्रदेशमा PHEOC रहेका छन् ।
  प्रदेश नं. २ को प्रदेश स्वास्थ्य निर्देशनालयको हाता तथा अन्य प्रदेशमा तत्काल विस्तार गर्ने योजना रहेको छ ।



*High priority from Hon state Minister - HEOC*

- नेपालका २५ ओटा हब अस्पताल मध्ये काठमाडौं उपत्यकाका ६ ओटा हब अस्पतालहरु तथा नेपालगन्ज, दाङ्ग, धनगडी र डडेल्धुरामा आकष्मिक अवस्थाको लागी औषधी-सामग्रीको पुर्वतायारी गरिएको छ ।
- समुदाय स्तरमा - रेडक्रस,नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, UNFPA तथा अस्पतालपूर्वको तयारीमा TUTH, NAS लगायत संस्थाले कार्य गरेको, अस्पताल स्तरमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत निकाय र मेडिकल कलेजका १०० भन्दा बढी अस्पतालको योजना बनेको र स्वास्थ्य कर्मी तालीम हरु भइरहेको, अस्पताल पश्चातको पूर्वतयारी तथा योजनामा विश्व स्वास्थ्य संगठन (WHO), HI लगायत विभिन्न संघ संस्थाको सहयोगमा केहि कार्य भइरहेको छ ।




*Health Emergency as a cycle*

- **अबः** विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन र जनस्वास्थ्य सेवा ऐन तथा नीतिगत प्रतिबद्दता अनुरुप पूर्वतयारी खासगरी औषधि-सामग्रीको तयारी/ warehouse, सुरक्षित स्वास्थ्य संस्था, स्वास्थ्य कर्मीको तालीम तथा स्थानीय पालिका, स्वास्थ्य संस्था, प्रदेश र संघ सम्मको योजना, हब तथा सेटेलाईट (Hub and Satellite Hospitals Network) तथा सबै स्वास्थ्य संस्थाको तयारी परिचालन, सूचना संचार समन्वय र पूर्ण योजना, अभ्यास (सानो, ठुलो) पुनर्निर्माण र घाइतेको उचित ब्यबस्थापन समयमै उपचार ब्यबस्थापन गर्न आपतकालीन स्वास्थ्य कोष लगाएतको व्यवस्था गर्न र बहुक्षेत्रीय समन्वय गर्दै आगाढी बढ्नु पर्ने - सो को लागी योजनाबद्ध रुपमा सहजीकरण, समन्वय र ३ सरकार बिचको सहकार्य जरुरी छ ।



**"सबै सचेत बनौ !!! पूर्वतयारीमा जुटौं !!!"**


### आजको लागी केहि टिप्सः


✓आज झटपट झोला (अती आवश्यक बस्तु तथा औषधि) तयार छ त ?


*फोन नम्बर, परिचय पत्र, चस्मा, एक सेट कपडा, डेन्टल किट, पातलो ओढ्ने कपडा, प्लास्टिक, छाता, कैची, महत्वपूर्ण औषधि, साधन, सामग्री, जीबनजल, क्लोरिन ट्याब्लेट, खानेकुरा - Dry Fruits, भुटेको गेडागुडी, चिउरा, नुन, टर्च लाईट, battery, mobile, charger, पेन, खाली कागज/ कपी, रुमाल, रेडियो, डोरी, घर वा अत्याबश्यक ठाउँको एक सेट चांबी, पानी, sleeping ब्याग ++


✓सबै महत्वपूर्ण documents हरु electronic profile मा राखु भयो त ?

✓अरुलाई सहयोग गर्न तयार रहनुस अनि तपाई र तपाइको आफन्तलाई पर्यो भने सहयोग पाउनुहुने छ ।






मिति:- १२/०१/२०७६